नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।
२०७२।१।१३

## प्रेस विज्ञप्ति

मिति २०७२।१।१२ गते दिउँसो गएको महाभूकम्पले देशभर गम्भीर विपतको स्थिति ल्याएको छ । विपतीमा परेकाहरुको खोज, उद्धार तथा राहतको लागि गृह मन्त्रालयले आफ्नो सामर्थ्य र संरचनाहरुको पूर्ण रुपमा परिचालन गरेको छ ।

राष्ट्रिय विपत प्रतिकार्यको कार्य ढाँचा अनुरुपको विषयगत अगुवा निकायहरुको जिम्मेवारी बाँडफाँड गरी तदारुकताका साथ कार्य शुरु गर्नुका साथै प्रभावित क्षेत्रहरुमा हेलिकप्टरहरु परिचालन गरी उद्धार कार्यलाई प्रभावकारी बनाइएको छ । तत्काल राहतका लागि जिल्लाहरुमा रकमको निकासा, खाद्यान्न, पाल लगायतका सामग्रीहरु पठाउने कार्यका अतिरिक्त प्रभावित क्षेत्रमा क्याम्प खडा गरी खोज, उद्धार र राहतको काम द्रुत गतिमा गरिएको छ ।

प्राप्त जानकारीका अनुसार हालसम्म काठमाडौं-७२३, भक्तपुर-२१९, ललितपुर-१३७ जनाको मृत्यु भएको छ भने अन्य जिल्लाहरुको क्षेत्रगत रुपमा पूर्व क्षेत्र-३९, मध्यक्षेत्र-७१८, पश्चिम क्षेत्र-१०९, मध्य पश्चिम क्षेत्र-२ र प्रहरी-३, विदेशी-२ जना समेत जम्मा १९५२ जनाको मृत्यु भएको छ । घटनामा परी ४६४७ जना घाइते भएका छन् भने सम्पत्ति क्षतिको विवरण आउने क्रम जारी रहेको छ ।

यो राष्ट्रिय विपतको घडीमा मुलुकका सबै राजनीतिक दलहरु, गैर सरकारी क्षेत्रका सामाजिक संघ संस्थाहरु, स्वयंसेवी संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, दातृ निकायहरु र नागरिक समाजबाट खोज, उद्धार र राहत कार्यमा स्थानीय प्रशासनलाई सहयोग निरन्तर रुपमा पुऱ्याउनु हुनेछ भन्ने विश्वास गृह मन्त्रालयले लिएको छ ।

समय : १२:४५ बजे

(लक्ष्मीप्रसाद ढकाल)
प्रवक्ता